दक्षिणकाली नगरपालिकाको चौथो नगर सभामा

नगर - उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) द्वारा प्रस्तुत

आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट

पृष्ठभूमी

यस नगर सभाका आदरणीय सभाध्यक्ष तथा यस नगरपालिकाका नगर प्रमुख ज्यू, नगर सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी मित्रहरु एवं यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा दक्षिणकाली नगरपालिकाको चौथो नगर सभाको वैठकमा यस नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

दक्षिणकालीलाई आजको अवस्थामा पुर्याउन र यसलाई माया गर्ने सयौं अग्रज तथा समाजसेवीहरुको मेहेनत प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।नेपाल सरकारको मिति २०७१/०८/१६ को निर्णयानुसार साविकका चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, छैमले र टल्कुडुडेचौर गा.वि.स. मिलेर ४२.६ वर्ग कि.मि. क्षेत्रफलमा हाल ९ वटा वडामा विभाजित रहेको छ । यो नगर विविध संभावना, अवसर र चुनौतिहरुका बीचमा उभिएको छ । एकता र दृढ ईच्छाशक्तिमा जोड दिदै आगामी बाटो तय गर्ने प्रण गरेको दक्षिणकाली, गौरवशाली ईतिहास र समृद्ध भविष्यको बीचमा उभिइरहेको छ ।

आज यस गरिमामय सभामा उभिएर आगामी आर्थिक बर्षको नीति, कार्यक्रम तथा वजेट पेश गर्दै गर्दा सर्वप्रथम म नेपालका सम्पूर्ण वलिदानीपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

वैकल्पिक राजमार्ग, ऐतिहासिक चन्द्रज्योति पावर हाउस, प्रसिद्ध धार्मिक तिर्थस्थल दक्षिणकाली मन्दिर, लिच्छिविकालिन ऐतिहासिक पौराणिक शिखरापुरी नगरी, परम्परागत हरिशंकर जात्रा, थैली नाच, कातिक नाच, लाखे नाच, बज्रयोगिनी जात्रा, गाई जात्रा जस्ता परापूर्वकाल देखी चली आएका परमपरागत नाच एवं जात्राका कारण यस नगरलाई सांस्कृतिक नगरीको रुपमा पनि चिनिएको विदितै छ । उपत्यकाको ४ नारायण मध्येको एक शेषनारायाण मन्दिर, बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पद्मसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरबलगाएतका थुपै मठ मन्दिर र गुम्बाहरु रहेको यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ । उषा मैयाको दरबार, बाणासुरको दरबार, ३३ कोटी देवदेवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवी, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्र धार्मिक एवं तिर्थस्थलको रुपमा रहेको यस दक्षिणकाली नगरपालिका सामाजिक सद्भाव र सहिष्णुताको वेजोड उदाहरणको रुपमा रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

यस महत्वपूर्ण अवसरमा, नगरको विकास तथा केही सान्दर्भिक विषयहरुमा म यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु :

- सार्वजनिक पूर्वाधार, खुल्ला क्षेत्र, खेलकुद तथा मनोरञ्जन स्थलको व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व हो तर जग्गाको उपलब्धता तथा व्यवस्थापन यसको पहिलो शर्त हो । सार्वजनिक जग्गाको संरक्षण तथा उपयोगको जिम्मा नगरपालिकाको जिम्मेवारी हुँदा त्यस जमिन नगरले नागरिकको अपेक्षा बमोजिम चाहेको विकास निर्माण गर्न सकिने नीति लिईनेछ ।

- दक्षिणकालीको ऐतिहासिक महत्व दर्शाउने मठमन्दिरहरुको आवश्यक पूर्वाधारहरुको विकास र संरक्षण गर्न नेपाल सरकारका सवै सम्बन्धित निकाय समक्ष सादर अनुरोध गर्न चाहन्छु ।

सभाध्यक्षज्यू,

अब म आ.ब. ०७५/०७६ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छुः

- आ.ब २०७५/०७६ मा कुल रु. ४२ करोड ७८ लाख ६५ हजारको बजेट विनियोजन गरी योजना तथा कार्यक्रमहरुमा निर्दिष्ट गरिएकोमा अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भैसकेको सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । आर्थिक बर्ष सम्पन्न नभइसकेको कारणले यर्थाथ आम्दानी तथा यर्थाथ खर्चको विवरण तयारीको क्रम जारी छ ।

- **हालसम्म भएको खर्चको प्रगति विवरण यस प्रकार रहेको छः**
  - **संघीय समानीकरणतर्फ – ५७.६८ प्रतिशत**
  - **संघीय सशर्त अनुदानतर्फ – ८१.४० प्रतिशत**
  - **प्रदेश समानीकरणतर्फ – ३९.७० प्रतिशत**
  - **प्रदेश सशर्त अनुदानतर्फ – २३.२७ प्रतिशत**
  - **संघीय राजश्व बाँडफाँड – ५७.५२ प्रतिशत**
  - **प्रदेश राजश्व बाँडफाँड – ९२.९४ प्रतिशत**
  - **आन्तरिक श्रोत – ७७.८३ प्रतिशत**
  - **स्थानीय पूर्वाधार विकास कार्यक्रम – ५९.२७ प्रतिशत**
  - **सडक बोर्ड नेपाल – ५०.८९ प्रतिशत**

  जम्मा खर्च प्रगति – ६८.७२ प्रतिशत

सामाजिक विकास

- **शिक्षा तर्फ**
  - * नि:शुल्क पाठ्य पुस्तक वितरण, दिवा खाजा कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन, खेलकुद प्रतियोगिता संचालन, अनुगमन मुल्याङ्कन, सूचना प्रविधिको प्रयोग गरिएको ।
- **स्वास्थ्य तर्फ**
  - * विभिन्न तालिम, वडा नं २ को तौथली, वडा नं. ३ र वडा नं ७ को फ्याकुल डाँडामा सहरी स्वास्थ्य केन्द्र स्थापना भई संचालनमा रहेको ।
  - * जेष्ठ नागरिक घुम्ती शिविर मार्फत घरघरमा गई २५० जना जेष्ठ नागरिकहरुलाई घरदैलो स्वास्थ्य सेवा प्रदान गरिएको ।
  - * स्वास्थ्य जाँच, खोप सेवा दिईएको ।
- **महिला तथा बालबालिका तर्फ**
  - * महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गरी क्षमता विकासमा अभिवृद्धि गरिएको ।

पूर्वाधार विकास

- सडक तर्फ पक्की, ग्राबेल र नयाँ बाटो गरी लगभग १४ कि.मि. सडक पूर्वाधार निर्माण भएको ।
- करीव ३५ वटा सामुदायिक भवन (ट्रस्ट तथा अन्य भवन) तथा २ वटा वडा कार्यालय (वडा नं ४ र ७) निर्माण गरिएको ।
- करिव ७ लाख लि. क्षमताको विभिन्न ३ वटा पक्की खानेपानी ट्याङ्की निर्माण गरिएको ।
- ४ कि.मि. विभिन्न खानेपानी वितरणका पाईप लाईनहरु विस्तार गरिएको ।
- १८ वटा मन्दिर मर्मत सम्बन्धि कार्य गरिएको ।
- यस आ.ब.मा ७५३ (सात सय त्रिपन्न) वटा नक्सापास भई करिव ३५ लाख बराबरको आम्दानी भएको । नक्सापास सम्बन्धि अन्य सेवाहरु (DPC स्वीकृती/अस्थायी/स्थायी अनुमती/निर्माण सम्पन्न/अभिलेखिकरण/नक्सा संशोधन/नापजाँच आदि सेवाहरु प्रवाह गरिएको)
- ८ वटा सार्वजनिक शौचालय निर्माण तथा मर्मत भएको ।

वन, वातावरण तथा विपद व्यवस्थापन

- जनप्रतिनिधि निर्वाचित भएको २ वर्ष पुगेको अवसरमा साप्ताहिक सरसफाई अभियान शुरु गरी सातौं हप्तासम्म करिव १२० टन फोहोर संकलन गरि व्यवस्थापन गरिएको ।
- नगर प्रमुख ज्यूको अध्यक्षतामा स्थानिय विपद व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको ।
- विपद् व्यवस्थापनका लागी कानुनी पूर्वाधार तयार भएको तथा नगरपालिकामा रहेको विपद् व्यवस्थापनमा प्रयोग हुने औजारहरु (एम्बुलेन्स, दमकल, डोजर, स्टेचर) लाई व्यवस्थित गरिएको ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- सेवा प्रवाहका लागी संस्थागत कानुनी प्रवन्ध गरिएको साथै सेवा प्रवाह र विकास निर्माणमा सरलता, सहजता, पारदर्शिता, प्रतिस्पर्धा, मितव्ययिता कायम गर्न विभिन्न प्रयास गरिएको ।
- कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिएको ।
- प्रत्येक वडाले संकलन गरेको राजस्व रकमको २० प्रतिशत रकम थप विकास निर्माण तथा वडाको सेवा सुविधाको लागी माग गरी कार्यन्वयन गरिने नितिलाई अवलम्बन गरिएको ।
- नगरपालिकाका सूचना सम्पेषण गर्न सूचना अधिकारी र गुनासो सुन्नको लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको ।
- नगरपालिकाका काम कारबाहीलाई अझ प्रभावकारी बनाउनको लागि क्षमता विकास सम्बन्धि तालिमहरुको व्यवस्था गरिएको ।
- समायोजन भएर आएका कर्मचारीहरुलाई कार्यविवरण सहित पदस्थापन गरिएको ।
- प्रत्येक वडा कार्यालयहरुका मासिक प्रगति विवरण सहित कर्मचारी बैठक संचालन गरी सूचनाहरुको अभिलेखिकरण गर्ने गरिएको ।
- CCTV क्यामरा जडान गरि सोको प्रत्यक्ष निगरानी प्रमुख प्रशासकीय अधिकृतबाट हुने व्यवस्था मिलाइएको ।
- नगरपालिकाका कर्मचारीहरुलाई अनुशासित र मर्यादित बनाउन विद्युतीय हाजिरि (**e-attendance**) सञ्चालनमा ल्याइएको ।
- चालु आ.व.को चैत्र महिना देखि रा.बा.बैंकको शाखा फर्पिङ्गमा सारेको र भुक्तानीलाई सरलीकरण गरिएको।

२.२.३. आर्थिक विकास

- **कृषि तर्फ**
  - कृषि बालिमा लागेका किरा नियन्त्रणका लागी विषाधि प्रयोग गरि किरा नियन्त्रण गरिएको ।
  - कृषक समुह र घुम्ती शिविर मार्फत तरकारी विउ विजन वितरण गरिएको ।
  - नास्पाती पकेट क्षेत्र रहेको उपभोक्ता समिति मार्फत नास्पातीको बोटमा किरा नियन्त्रण गर्न बोर्डो पेस्ट गरिएको ।
  - नगरपालिका भरीका २ सय जना अगुवा कृषकहरुका लागी कृषि चुन वितरण गरिएको ।
  - छैमलेको चन्दने क्षेत्रमा कृषक पाठशाला संचालन गरिएको ।
  - यस नगरपालिका वडा नं ३, ४ र ५ मा सहकारी खेती, साना सिंचाई कार्यक्रम संचालन गरिएको ।
  - हावाहुरीका कारण वडा नं ६ र ७ का कृषकहरुको पास्टिक टनेलमा भएको क्षतिको अनुगमन गरि मुल्याङ्कन प्रतिवेदन पेश भएको ।
  - वडा नं ७ मा भुक्षय तथा जलाधार अन्तर्गतको ढुङ्गा खन्याउँदा कृषकहरुको तरकारी खेतीमा क्षतिको सर्जनमिन गरि क्षतिको प्रतिवेदन पेश भएको ।

- **पशु शाखा तर्फ**

सशर्त

– पशु स्वास्थ्य तथा रोग अन्वेषण सेवा

डिजिज सर्भिलेन्स ७० लक्षित अनुसार सम्पन्न

– पशु विकास सेवा

व्यवसायिक पशु फर्म प्रवर्धन कार्यक्रम १४० कार्य जारी रहेको नस्ल सुधार कार्यक्रम २१०

– कृषक पाठशाखा १०० सम्पन्न

निशर्त तर्फ

– भ्याक्सीनेसन कार्यक्रम ३५० चालु ।

– पशु पंक्षी उपचार १४५० सम्पन्न ।

– पशुपालक कृषकको व्यवसायीक तालिम १५० सम्पन्न ।

न्याय सम्पादन तथा न्यायिक निरुपण

आ.ब. ०७५/०७६ मा न्याय सम्पादन तथा न्यायिक तर्फ हालसम्म **३६ वटा उजुरी दायर** भएकोमा **१९ वटा उजुरी छिनोफानो** भएको, **२ वटा उजुरी फिर्ता** भएको, **३ वटा उजुरी अन्य निकायमा प्रेशित** गरिएको, सम्बन्धित पक्ष सम्पर्कमा नआई **११ वटा उजुरी म्याद नाघेको** र **१ वटा उजुरी अधिकार क्षेत्र भित्र नपर्ने** भएकोले छलफल नभएको ।

विधेयक समिति तर्फ

हालसम्म ऐन, नियमावली, कार्यविधि र निर्देशिका गरी जम्मा २६ वटा कानुन निर्माण भएको ।

क) स्वीकृत ऐनहरु ६ वटा

ख) स्वीकृत नियमाली २ वटा स्वीकृत हुन बाँकी १ वटा

ग) स्वीकृत कार्यविधिहरु १३ वटा स्वीकृत हुन बाँकी २ वटा

घ) स्वीकृत निर्देशिकाहरु २ वटा स्वीकृत हुन बाँकी १ वटा

स्वीकृत भएका जम्मा कानूनहरु २३ वटा

पेश भएका जम्मा कानूनहरु ४ वटा

- सीमित श्रोत तथा साधन हुने हाम्रो जस्तो निकायमा पुँजीगत खर्च न्यून हुनु अत्यन्त दुःखद विषय हो । प्राय सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत हुने भएतापनि समयमै सम्झौता नहुने, लागत सहभागिता जुटाउन कठिनाई तथा पेश्की विना काम गर्न नसक्ने अवस्था एवं समयमै पेश्की फछौंट नगर्ने प्रवृतिका कारण आशातित प्रगति हासिल गर्न सकिएको अवस्था छैन । निर्माण व्यवसायी मार्फत गरिने कार्यमा पनि निर्माण व्यवसायीको काम

ओगट्ने तर काम नगर्ने प्रवृत्ति, समयमा ठेक्का बन्दोवस्त नहुने, समयमा कार्यक्रम स्वीकृत नहुने तथा निर्माण सामाग्रीको अभाव समेतको कारणले यस्तो परिस्थिति पर्न गएको छ । यसलाई गम्भिर रुपमा मनन गरी आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभावकारी अनुगमन गर्दै पूँजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु ।

- गत आ.व. देखि नै आयव्ययको लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न हुने संबैधानिक प्रावधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासन कायम गर्ने कुरामा सुधार आउने अपेक्षा लिएको छु । कार्यालयकोआन्तरिक लेखा परिक्षण शाखा लगायत अन्य आवश्यक शाखा गठन र कर्मचारी क्षमता विकासबाट नगरपालिकाको समग्र सेवाप्रवाहमा गुणस्तर बृद्धि हुन जाने अपेक्षा लिएको छु । यसका अलावा जनप्रतिनिधिहरुले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत वित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वस्त छु ।

सभाध्यक्षज्यू,

आ.व. ०७६/०७७ को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ -

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथमिकताहरु । नेपालको संविधानको अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सम्बन्धि खाका, खर्च जिम्मेवारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- यस नगरपालिकाको जन प्रतिनिधीको रुपमा जनतासँग मत मागदा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समय जनतासँग गरेका बचनवद्धताहरु ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अङ्गीकार गरेका तथ्य, सुचक एवं प्राथमिकताहरु ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं ३ नं. प्रदेशबाट प्राप्त हुने विभिन्न शिर्षकका बजेट, मार्गदर्शन एवं निर्देशनहरु तथा सुझावहरु ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नगरपालिकाका बीच सम्पन्न कार्यसम्पादन सम्झौताले परिलक्षित गरेका सूचकहरु ।

सभाध्यक्षज्यू

अब म यस सम्मानित सभा समक्ष आगामी आ.व. ०७६।७७ का लागि अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु :

<u>(क) आर्थिक विकास तर्फः</u>

कृषि तथा पशुपन्छी

१) "कृषिबाटै समृद्धि" भन्ने मूल नाराका साथ सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

२) कृषि बजार सूचना, कृषि बजार तथा कृषिजन्य पदार्थ संकलन केन्द्र, पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गरिनेछ ।

३) कृषि उत्पादनलाई प्रबद्र्धन र प्रोत्साहन गर्न उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गरिनेछ ।

४) तरकारी, फलफूल तथा अन्नवालीको भण्डारण गर्न सवै पक्षको सहभागितामा नगर स्तरीय शीत भण्डार तथा भण्डार गृहको सम्भाव्यता अध्ययन गरी निर्माण प्रकृया अगाडि बढाईने छ ।

५) कृषि उत्पादन, प्रशोधन, व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणका लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ ।

६) कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

७) नगदेवाली विशेष गरी तरकारी, फलफूल नर्सरी, नासपाती, लप्सी र सुन्तला खेतीलाई व्यवसायिक रुपमा विकासगरिनेछ । कृषि पकेट क्षेत्र निर्धारण गरी एक वडा एक उत्पादनको लागि आवश्यक व्यवस्था मिलाईनेछ । जसअनुरुप वडा नं १ लाई पर्यटकिय पकेट क्षेत्र, वडा नं. २ र वडा नं. ३ लाई तरकारी पकेट क्षेत्र,वडा नं ८ लाई नास्पाती पकेट क्षेत्र र वडा नं ९ लाई लप्सी पकेट क्षेत्र तथा चाल्नाखेल देखी छैमलेको मखुबेशी सिमपानी सम्मलाई पशुपालन तथा तरकारीको पकेट क्षेत्र घोषणा गरी अघि बढाईनेछ ।

८) मासु तथा दुग्धजन्य (पशु/पन्छी) पालनका लागि गाई, भैंसी, कुखुरा, राँगा, बाख्रा, हाँस र परेवा लगायतका पशुपन्छीको व्यवसायिक पालनका लागि आवश्यक तालिम तथा क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

९) प्रत्येक वडामा कम्तीमा एउटा कृषि सहकारी र हरेक गाउँमा कृषक समूह निर्माण गरी र कृषि सम्बन्धीस्थानीय संघ संस्थाहरूको समन्वयमा कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

१०) कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बीउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरण गरिने छ ।

११) जग्गा जमिन कम भएका शहरी क्षेत्रहरुमा कौसी खेती, गमला खेती, करेसाबारी लगायतका शहरी कृषि प्रणालीलाई प्रबद्र्धन गरिनेछ । कृषि योग्य भूमी बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिने छ ।

१२) नगरपालिका क्षेत्रभित्र कृषि प्रविधि मेला आयोजना गरिनेछ ।

१३) नगरपालिका क्षेत्रभित्र व्यवसायिक रुपमा संचालन गरेका र संचालन गर्न खोज्ने किसानका लागि कृषि स्वरोजगार अनुदान कार्यक्रम संचालन गर्ने ।

१४) कृषि साझेदारी कार्यक्रम नगरपालिका कृषक तथा सहकारी बीच साझेदारी गरि संचालन गरिनेछ । कम्तीमा सवै पक्षका २० जना कृषकहरुलाई सहभागिता गराई कार्यक्रम गराईनेछ ।

१५) पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँसखेतीका कार्यक्रम संचालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित

पशुपंछीजन्य उत्पादनको उचित बजारीकरणको प्रवन्ध मिलाइने छ । सामूदायिक वनहरुमा उन्नत जातका घाँस खेतीलाई पवर्द्धन गरिनेछ ।

१६) प्राङ्गारिक खेती प्रणाली विस्तारको नीति लिने तथा प्राङ्गारिक मल कारखाना स्थापनाको लागि आवश्यक पूर्वाधार तथा प्रविधीको व्यवस्था गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

१७) नगर भित्रका पशुपंछी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ । स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुर्‍याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडि बढाईनेछ ।

१८) पशु चिकित्सा सेवालाई प्रभावकारी बनाउँदै कृषकको घरघरमा सेवा विस्तार गरिनेछ ।

१९) आधुनिक व्यवस्थित पशु वधशाला स्थापना र निर्माण गर्न मासु व्यवसायीहरुको सहकारी निर्माण गर्न प्रेरित गरिने छ । यस्तो सहकारीमा नगरपालिकाले टोकन मनी प्रदान गर्नेछ ।

२०) वडा नं. ८ को भण्डारखर्क स्थित नेवारवारीमा अन्दाजी ६० रोपनी जमिनमा आयमूलक क्षेत्र(बोटविरुवा रोप्ने) घोषणा गर्ने नीति लिइनेछ ।

२१) कृषि उत्पादनलाई प्रवद्र्धन गर्न कृषि तथा पशु विमा गर्ने नीति लिइनेछ । साथै नगरक्षेत्र भित्रका उत्कृष्ट कृषकलाई अनुदान दिने नीति लिइनेछ ।

२२) पशुपालन व्यवसायलाई प्रवद्र्धन गर्न पशुको निशुल्क उपचार गर्ने नीति लिइनेछ ।

२३) दक्षिणकाली नगरपालिका क्षेत्र भित्र प्रवेश गराउने पशुपंक्षिलाई निश्चित स्थान तोकी पशु परिक्षण पश्चात मात्र प्रवेश गराउने नीति लिइनेछ ।

२४) कृषिजन्य उत्पादनको सहज रुपमा विक्रीवितरण गर्नको लागि स्थान किटान गरी हाटबजारको सुरुवात गर्ने नीति लिइनेछ ।

२५) यस नगरपालिका क्षेत्रभित्र प्राङगारिक(अर्गानिक) खेती तर्फ लैजाने नीति लिइनेछ ।

२६) नगरपालिका भित्र रहेका कृषि प्राविधिकहरुको सूची तयार गरी एक वडा एक कृषि प्राविधिक परिचालन गर्ने नीति लिइनेछ ।

राजश्व संकलन, उद्योग तथा वाणिज्य

१) हामीले तिरेको कर हाम्रै विकासको भर भन्ने नीति अनुरुप करदातालाई कर तिर्न प्रोत्साहित गरिनेछ ।

२) न्यून दर फराकिलो दायरा (Low rate Wide net) को अवधारणा अनुसार कर तिर्ने क्षमता र ईच्छा समेतलाई विचार गरी नगरवासीहरुलाई बोझ नहुने गरी कर, शुल्क तथा दस्तुर निर्धारण गरी आन्तरिकश्रोत संकलन गरिनेछ ।

३) उद्योग वाणिज्य संघसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सबै व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ ।

४) नेपालको संविधानले परिकल्पना गरेको समाजवादी अर्थतन्त्र र स्थानिय सरकार संचालन ऐन ०७४ ले दिएको अधिकार अनुसार नगरपालिकाको आफ्नो क्षेत्रभित्र उठाउने कुनै पनि राजश्व नगरपालिका आफैले उठाउने नीति लिइनेछ ।

५) नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासँग आवद्ध गर्दै नगरवासीले तिर्ने कर, शुल्कको हिसाब दुरुस्त राख्न कम्प्युटर विलिङ्ग प्रणालीबाट राजश्व संकलनको विद्यमान अवस्थालाई अझै सुदृढ बनाईनेछ ।

६) नगर क्षेत्र भित्रका करदाताहरुको अभिलेख राखी उनीहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्नेव्यवस्था मिलाईनेछ ।

७) उपभोक्ताको हकहित संरक्षण गर्न बजार अनुगमन गरिने छ ।

८) व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

९) उद्योगी, व्यापारीहरुको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यबस्थापन र बजार क्षेत्रमा सीसी क्यामरा जडानका साथै सौर्य सडक बत्तीको व्यवस्थापन गरिनेछ ।

१०) नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ ।

११) उद्योग स्थापना गर्दा स्थानीय श्रोत, साधन र रोजगारीलाई प्राथमिकता दिईनेछ ।

१२) घरेलु तथा साना उद्योग र उपयुक्त स्थानमा स्थानीय उद्योगहरुको स्थापना, विकास, प्रबद्र्धन र नियमनमा ध्यान दिईनेछ ।

१३) उद्योगी व्यवसायीहरुका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ । २५ जनाभन्दा बढिलाई रोजगारी दिने उद्योग, व्यवसायहरुलाई सहुलियत दरमा छुटको व्यवस्था गरिनेछ । त्यस्ता उद्योगका स्थापना र संचालनका लागि आवश्यक पर्ने सडक, पानी तथा बिजुलीको व्यवस्थापनमा सहजिकरण गरिनेछ । एक गाउँ एक उत्पादन, एक वडा एक पहिचानको अवधारणालाई प्रवर्धन गरिनेछ ।

१४) यस दक्षिणकाली नगरपालिकाको स्थानिय श्रोत उपभोग गरेका संघ संस्थालाई करको दायरामा ल्याउने नीति लिइनेछ ।

१५) एक वडा एक उद्योगको अवधारणालाई सुरुवात गरिनेछ ।

१६) राजश्व संकलन थप प्रभावकारी बनाउन राजश्व सम्बनधी अनुशिक्षण कार्यक्रम, घुम्ती शिविर, बजार अनुगमन, राजश्व संकलन सहजकर्ता परिचालन तथा राजश्व सम्बन्धी software को व्यवस्था गरिनुका साथै राजश्व सम्बन्धमा वडाबाट संकलित राजश्वको विवरण नगरपालिकाबाट अनुगमन गर्ने संयन्त्रको विकास गरिनेछ ।

१७) बजार अनुगमन सम्बन्धी कानूनी प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन

१) कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रवर्द्धन र विकास गरिने छ ।

२) आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि कार्यारम्भ गरिनेछ । प्रत्येक वडामा कम्तीमा एउटा पर्यटकीय स्थलको अवधारणा सञ्चालनका लागि कार्यक्रम ल्याईनेछ ।

३) स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र प्रवर्धन गर्न फर्पिङको ऐतिहासिक जात्रा हरिशंकर जात्रा, गाई जात्रा, बज्रयोगीनी जात्रा, ल्होसार, जनैपूर्णिमा, कृष्ण अष्ठमी, बुद्ध जयन्ती, रामनवमी, हरिबोधनी एकादशी मेला, गणेश जात्रा, कात्तिक नाच, बाह्र बर्षे नाच लगायत धर्म/पर्व संस्कृतीलाई संरक्षण

गरिने छ साथै नगरपालिकाका सबै स्थानहरुमा परम्परागत रुपमा चली आएका सबै धर्म र संस्कृतीका जात्रा तथा जातिय सांस्कृतिक पर्वको सञ्चालन, संरक्षण, व्यवस्थापन तथा उचित प्रवर्द्धन गरिनेछ ।

४) पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ र मठ, मन्दिर, पाटीपौवा, चैत्य, गुम्बा र गुठीहरुको व्यवस्थापनको कार्यलाई जोड दिइनेछ ।

५) दक्षिणकाली नगर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ । दक्षिणकाली नगर पर्यटन विकासको थप मार्ग चित्र कोर्न पर्यटन गुरुयोजना निर्माण गरिने निति लिईनेछ ।

६) यस शहरलाई कला साधकहरुको गन्तव्यको रुपमा विकास गर्न संगीतकर्मी, मूर्तिकार, चित्रकारहरुको जमघट गराई कलाको सृजना हुने मेला पर्वहरुको आयोजना गरिने छ । कवि सम्मेलन तथा साहित्यिक गोष्ठिहरु समेत आयोजना गर्न नगरपालिकाले तत् क्षेत्रका संघ संस्थासंग साझेदारी गरिने छ ।

७) नगरक्षेत्रको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको थप उजागर र संरक्षण गरी पर्यटकीय नगरको रुपमा राष्ट्रिय पहिचान बनाउँदै दक्षिणकाली नगरलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

८) आन्तरिक तथा बाह्रय पर्यटनलाई बढावा दिंदै काठमाडौंको चार नारायण मध्येको एक शेषनारायाण मन्दिर, बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पद्मसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरब लगायतका थुपै मठ मन्दिर र गुम्बाहरुका साथै हरिशंकर जात्रा मनाइने यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ । उषा मैयाको दरबार, बाणासुरको दरबार, ३३ कोटी देवदेवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवी, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्र धार्मिक एवं तिर्थस्थल, चम्पादेवी हुँदै हात्तीवन रिसोर्ट, गोरखनाथ, मन्दिर हुँदै वाणासुर दरबार देखी डाँडि खोला हुँदै चौकोट देवीबाट हुँदै पुनः दक्षिणकाली नगरपालिकासम्मको पर्यटन मार्ग बनाईने निति लिनुको साथै दक्षिणकाली नगरपालिका वडा नं. १ हात्ती वन वडा नं. ३, ४ हुँदै वडा नं ९ टल्कुबाट मकवानपुर सम्म जाने वन भित्र पदमार्ग तथा cycling root विकास गर्ने निति लिईनेछ ।

९) उपत्यकामा आउने धार्मिक पर्यटकहरुलाई दक्षिणकाली क्षेत्रमा आकर्षित गर्न तथा यहाँका मन्दिर र जात्राहरुलाई व्यापक बनाउन प्रचार प्रसार गरिनुका साथै धार्मिक सर्किट निर्माण गर्न पहल गरिनेछ । धार्मिक पर्यटन विकास कै सिलसिलामा बुद्ध सर्किट निर्माण गरी नगरक्षेत्र भित्र रहेका बौद्ध गुम्बा एवं स्तुपाहरुको भ्रमण अवलोकनका व्यवस्था मिलाउन लुम्बिनी विकास कोष एवं सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

१०) पर्यटकीय तथा हरित नगरपालिकाको रुपमा विकासका लागी पर्यटकिय स्थलहरु पार्क, भ्युटावरहरु निर्माणमा निजी क्षेत्रहरुलाई प्राथमिकता दिईनेछ होमस्टे संचालन गर्न सक्ने सम्भाव्य क्षेत्रहरु अध्ययन गरी संचालन प्रकृयामा प्रोत्साहन गरिनेछ साथै नागरिकहरुको चहलपहल हुने सार्वजनिक शौचालयहरु सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचलनमा ल्याईनेछ ।

११) पर्यटकिय प्राचिन दक्षिणकाली, चम्पादेवी, वाणसुर दरबार, डाँडीखेल, चौकोट देवी हुँदै पुनः दक्षिणकाली मन्दिर हुँदै शिखरापुरी नगर पर्यटन मार्गको लागी पर्यटन बोर्ड लगायत सरोकारवाला निकायसँग सहकार्य गर्ने निति लिईएकोछ साथै Hiking root/ Trekking Roots को विकास गर्दै लैजाने नीति लिईनेछ।

१२) नगर क्षेत्रको उपयुक्त स्थानहरुमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । हावापानी सुहाउँदो चिडियाखाना निर्माणको सम्भाव्यता अध्ययन गरिने निति लिईनेछ ।

१३) पर्यटक दृष्टिकोणले स्थापना हुने पर्यटकिय उद्योग, व्यवसायहरु संचालन गर्नका लागी निजि क्षेत्रहरुको पहिचान गरी सहकार्य गरी अगाडी बढ्ने निति लिईनेछ ।

१४) मच्छेन्द्रनाथ प्रवेशद्धारको रुपमा रहेको कटुवाल दहलाई विकसित रुपमा लैजाने निति लिईनेछ ।

१५) बोसन चम्पादेवी सम्म पर्यटन पदमार्ग निर्माण गरि बोसन पानीट्याङकीमा भ्यू टावर निर्माण गर्ने नीति लिइनेछ ।

१६) छैमलेमा निर्माण भईरहेको शहिद पार्कलाई विकास गरिनेछ ।

१७) दक्षिणकाली नगरपालिका वडा नं. ८ छैमले जातिपोखरीमा पर्यटन पदमार्ग निर्माण तथा वुद्ध मन्दिर निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१८) शेषनारायण गोरखनाथ जंगलमा धार्मिक पर्यटन पूर्वाधार विकास गरिनेछ ।

१९) टल्कु डाँडीखेललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।

२०) पुरातात्विक तवरले घर निर्माण गर्ने व्यक्तिलाई अनुदान दिने नीति लिइनेछ । बजार भित्रको मूल सडकपट्टिको मोहडामा रंगरोगन गर्न, कलात्मक झ्याल ढोका राख्नका लागि ७०/३० कार्यक्रम संचालन गरिनेछ ।

२१) यस दक्षिणकाली नगरपालिकाको सम्पूर्ण सामाजिक सांस्कृतिक परम्परा झल्कने संग्राहलय निर्माण गर्ने नीति लिइनेछ ।

२२) दक्षिणकाली Cultural House को स्थापना गर्न होम स्टेहरुलाई प्रोत्साहित गरिनेछ ।

२३) नेवारी तथा तामाङ भाषा एवं लिपीको संरक्षण र सम्बर्द्धन गर्न भाषा कक्षा सञ्चालन गर्न फंपि नेवा पुच र तामाङ घेदुङ संघसँग सहकार्य गरिनेछ ।

२४) नगर क्षेत्रभित्र बसोवास गर्ने हिन्दु, बुद्धिष्ट, क्रिश्चियन लगायतका धर्मावलम्वीहरु सबैको दाहसंस्कारको लागि आवश्यक स्थानको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

२५) यस दक्षिणकाली नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न दक्षिणकाली पर्यटन महोत्सवको सुरुवात गर्ने नीति लिइनेछ ।

२६) आवश्यकता अनुसार विभिन्न पालिका तथा विदेश स्थित नगर/महानगरहरुसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

२७) उपयुक्त स्थान छनौट गरी केबुलकार निर्माण गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२८) यस नगरपालिका क्षेत्रको उच्च डाडाँ काडाँहरु (हात्तिवन डाँडा लगाएत् १ देखी ९ वडा सम्मका) लाई पर्यटन प्रबर्द्धन गर्न सम्भाव्यता अध्ययन गरी प्रदेश र संघिय सरकार सँग सहकार्य गरिनेछ ।

सहकारी र गरिबी निवारण

१) "प्रत्येक वडामा सहकारी, घर घरमा भकारी" भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा विशेष जोड दिइने छ ।

२) नगर भित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गराईनेछ ।

३) सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिका लागि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

४) सहकारीको माध्यमबाट गरिबी न्यूनीकरणका लागि विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरुका लागि घुम्ती कोष सञ्चालन गरिनेछ ।

५) गरिबी निवारणका सम्वन्धमा संघीय, प्रादेशिक र स्थानीय संस्थाहरुसँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

६) गरिबसँग विश्वेश्वरका लागि प्राप्त बीउ पूँजी चालु कोषमा नगरपालिकाले समेत थप गरी नगर भित्रका विपन्न समुदायमा परिचालन गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

७) गरिबीको रेखामुनी रहेका पुर्ण बेरोजगारहरुलाई वडास्तरिय महिला समिति मार्फत उद्यमशीलताको बिकास गराउन निरन्तरता दिने नीति लिइनेछ ।

८) रोजगार तथा बेरोजगारको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।

९) ऐन नियमावली बनाई सहकारी संघ सस्थाहरुको दर्ता नविकरण नियमन गरिने छ । नागरिकहरुको बैंक तथा सहकारीहरुमा सहज पहुँचको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ ।

१०) "सहकारी क्षेत्रको आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि" भन्ने नारालाई सार्थक बनाउन कृषिको व्यवसायीकरण र रोजगारी अभिवृद्धिको माध्यमका रूपमा अगाडि बढाइने नीति लिईएको छ ।

११) नगरपालिका र सहकारीको साझेदारीमा व्यवसायिक क्रियाकलाप संचालन गर्ने नीति लिईएको छ ।

खानी तथा खनिज

१) जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकिनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।

२) ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी सम्वन्धी कार्यलाई व्यवस्थित गरिनेछ ।

सार्वजनिक निजी साझेदारी

१) विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ ।

२) स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

३) स्थानीय विकासमा निजी क्षेत्रको प्रबद्र्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ६०/४० (उपभोक्ता वा स्थानीय जनता) को अवधारणा अनुसार आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

ख) सामाजिक विकास तर्फ

शिक्षा, यूवा

१) मौलिक तथा संस्कार सहितको शिक्षाको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा आधारभूत तहको कक्षा १ देखि ५ सम्म सबै विद्यालयहरुमा लागु गरी योग्य नागरिक निर्माणको आधारशिला तयार गरिनेछ ।

२) आगामी ३ वर्ष भित्र अभिभावकले आफ्ना वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्नको लागि विद्यालय छनौट गरी रहनु पर्ने अवस्थाको अन्त्य गरिनेछ ।

३) नगर भित्रका एक वटा सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा स्थापित गरी आगामी ३ वर्ष भित्र सबै विद्यालयहरुलाई स्थापित गरिएको नमुना विद्यालयको समकक्षि बन्न अभिप्रेरित गरिनेछ ।

४) "**सफा विद्यार्थी, सफा शिक्षक र हराभरा सहित सुन्दर विद्यालय**" भन्ने नारालाई सार्थक बनाइनेछ।

५) डिजिटल प्रविधि (इन्टरनेट, कम्प्युटर, मोबाइल आदि) को दुरुपयोग रोक्नमा अभिभावकलाई समेत सचेत गरी त्यसलाई विद्यार्थीको सिकाइसँग जोडिनेछ ।

६) लागु पदार्थ तथा खराब गतिविधिबाट विद्यार्थीहरुलाई टाढा राखिनेछ ।

७) शैक्षिक सुधारको लागि नगर र विद्यालय स्तरीय दीर्घकालीन शैक्षिक योजना निर्माण गरी लागू गरिनेछ ।

८) सामुदायिक विद्यालयबाट एस.इ.इ उत्तीर्ण गरी सामुदायिक विद्यालयमा दश जोड दुई अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीहरुका लागि र सामुदायिक विद्यालयबाट दश जोड दुई उत्तीर्ण गरी सामुदायिक कलेजमा स्नातक तह अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

९) सामूदायिक, संस्थागत तथा धार्मिक विद्यालयबाट उत्कृष्ट ग्रेड ल्याई एस.इ.इ उत्तीर्ण हुने विद्यार्थी / विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१०) नगरस्तरीय सिकाइ उपलब्धी निर्धारण गरी सो लाई आधार रेखा मानी त्यसैको आधारमा सिकाइ उपलब्धीलाई प्रक्षेपण गर्दै लगिनेछ।

११) शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन कक्षा कोठामा डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहन तथा प्रचार प्रसार गरिनेछ ।

१२) नगरलाई साक्षर घोषणा गरी निरन्तर शिक्षालाई प्रोत्साहन गरिनेछ ।

१३) जिवन पर्यन्त सिकाइमा विषेश जोड दिई सबै उमेर समुहका व्यक्तिहरुलाई यसको महत्वको बारेमा बोध गराइनेछ ।

१४) शैक्षिक सुधारको लागि निरीक्षण, अनुगमन, सुपरीवेक्षण तथा मूल्याकंनलाई वस्तुनिष्ठ एवंम् परीणाम मुखी बनाइनेछ ।

१५) वाल विकास केन्द्रहरुलाई बालबालिकाको आकर्षणको केन्द्र विन्दु बनाई त्यसमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई दक्ष र सक्षम बनाइनेछ ।

१६) वाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको मनोबललाई उच्च राख्न हाल संघ तथा प्रदेशबाट पाइ रहेको पारिश्रमिकमा राहत हुने गरी थप पारिश्रमिको व्यवस्था गरिनेछ ।

१७) वाल विकास तथा कक्षा १ अध्ययनरत वालवालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न दिवा खाजा लगायतका अन्य आकर्षक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८) भौगोलिक विकटतामा बसोबास गर्ने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु समयमै विद्यालय उपस्थित हुन नसक्ने एवम् नियमित विद्यालय नै नआउने जस्ता समस्या विद्यमान देखिएकोले त्यस्ता विद्यार्थीहरुलाई विद्यालयमा नियमित गराउन यातायात साधनको व्यवस्था मिलाउन पहल गरिनेछ ।

१९) आधारभूत तहको प्राथमिक कक्षाहरुमा विद्यार्थी सख्या तथा माध्यमिक तहमा विद्यार्थी सख्या र विषयको आधारमा दरवन्दी मिलानको कार्यलाई प्राथमिकता दिइनेछ । यसरी दरवन्दी मिलान गर्दा पनि माध्यमिक तहमा शिक्षक अपुग हुने देखिएमा अल्पकालीन व्यवस्था अन्तर्गत बार्षिक रुपमा दरवन्दी न्यून देखिएका विद्यालयहरुमा शिक्षक तलब बरावरको रकम एकमुष्ट अनुदान स्वरुप विद्यालयहरुलाई उपलब्ध गराइनेछ ।

२०) सिकाइको लागि स्वास्थ पहिलो आवश्यकता मानी विद्यार्थीको स्वास्थलाई सिकाइसँग जोडिनेछ।

२१) नगर स्तरीय विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरुलाई प्रतिस्पर्धी बनाइने छ ।

२२) प्राविधिक शिक्षा अन्तर्गत कामधेनु मा.वि.लाई कृषि शिक्षालयलाई नमुनाको रुपमा विकास गर्दै लैजान प्रदेश एवं संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

२३) यस नगरपालिका भित्र स्वीकृत प्राविधिक विद्यालय (सिभिल इन्जिनियर) ९-१२ का लागि स्वीकृत भै सञ्चालनमा आएको फर्पिङ्ग मा.वि.लाई नमूना विद्यालयको रुपमा विकास गर्दै आवश्यक पूर्वाधार तयार गर्दै लान प्रदेश एवं संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

२४) यस नगरपालिका भित्र रहेको एउटै मात्र कलेज शिखरापुर क्याम्पसलाई स्नातकोत्तर कक्षा सञ्चालन गर्न आवश्यक पूर्वाधार र संचालनका लागि प्रदेश एवं संघीय सरकारसँग सहकार्य र समन्वय गर्दै नगरपालिकाको समेत सहयोग गरिनेछ ।

२५) शिक्षा ऐन नियमावलीमा समसामयिक सुधार तथा निर्माण गरिनेछ ।

२६) सामुदायिक विद्यालयको महत्व र त्यसको शैक्षिक गुणस्तर वृद्धिका लागि अभिभावकहरुको क्षमता अभिवृद्धि गर्न सचेतना कार्यक्रम गरिनेछ ।

२७) शिक्षकहरुका लागि तालिम, गोष्ठी, सेमिनार तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२८) विद्यालयहरुको सेवा प्रवाह तथा गुणस्तर वृद्धिका लागि प्रत्येक विद्यालयमा सहायक प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

स्वास्थ्य

१. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर बढाउँदै लगिने छ साथै स्वास्थ्य संस्थाहरुमा पर्याप्त मात्रामा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ ।

२. जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवालाई अझ व्यवस्थित तथा प्रभावकारी बनाई बाह्रै महिना सञ्चालन गरिनेछ, जसमा जेष्ठ नागरिकका लागि आवश्यक औषधी (दम, मधुमेह, प्रेसर, आखाँको औषधी,

भिटामिन) निःशुल्क वितरण गरिनेछ ।साथै जेष्ठ नागरिकहरुको लागि वार्षिक रुपमा दिईदै आएको सम्मान तथा सेवासुविधालाई निरन्तरता दिइनेछ ।

३. स्वच्छ व्यवहार तथा स्वस्थ जीवनको लागि पर्याप्त मात्रामा प्रचार प्रसार गरिने छ ।

४. विद्यालयमा अध्ययनरत किशोरीहरुको लागि विद्यालयमा निशुल्क स्यानिटेरी प्याड उपलब्ध गराईने व्यवस्था गरिने छ ।

५. स्वास्थ्य विमा कार्यक्रमलाई यस नगरपालिका भित्र सञ्चालन गर्न संघीय सरकारसँग पहल गरिनेछ।

६. आर्थिक अवस्था कमजोर भएका तथा नेपाल सरकारले पहिचान गरेका कडा रोगहरु (मृगौंला डाइलोसिस, क्यान्सर, मुटुरोग) बाट पिडित भएमा चिकित्सकको प्रमाण र वडा कार्यालयको सिफारिसमा रु. ५,०००।- (पाँच हजार) देखि रु.२५०००।- (पच्चिस हजार) सम्मको आर्थिक सहायता दिइने व्यवस्था मिलाइनेछ ।

७. नेपाल रेडक्रस सोसाईटी फर्पिङको समन्वयमा नगर स्तरीय ब्लड बैङ्कको स्थापना गर्ने प्रकृया अगाडी बढाईने छ ।

८. चाल्नाखेल प्रथमिक स्वास्थ्य केन्द्रलाई पालिका स्तरीय अस्पताल संचालनको प्रक्रियामा रहेको हुँदा अन्य आवश्यक व्यवस्था मिलाइने छ ।

९. मनमोहन स्मृति सामुदायिक अस्पताललाई नगरस्तरीय अस्पतालको रुपमा विकास गर्दै लान प्रदेश एवं संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

१०. "स्वस्थ जीवन जिउँ, पौष्टिक खाना खाउँ" भन्ने नारालाई नगरपालिका भित्र व्यवहारमा उतार्ने व्यवस्था मिलाईने छ ।

११. प्रत्येक वडा वडामा महिलाहरुको लागि VIA Test को साथै स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै गर्भवती महिलाहरुलाई भिडियो एक्सरे गर्न प्रोत्साहन गरिनेछ ।

१२. नगरपालिका भित्र सेवा गरिरहेका महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रदान गरिने मासिक प्रोत्साहन भत्तामा एकरुपता गरिने साथै महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन गर्रिदै लगिनेछ ।

१३. स्वच्छ खानेपानी वितरणको लागि सम्बन्धित पक्ष सँग छलफल गरि विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ ।

१४. प्रत्येक विद्यालयहरुमा बालबालिकाहरुको लागि स्वास्थ्य परिक्षणको व्यवस्था गरिने छ ।

१५. नगरपालिकाभित्र एउटा डाईलोसिस केन्द्र स्थापना गर्न पहल गरिने छ ।

१६. महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गराई नियमित घरदैलो कार्यक्रम मार्फत खानेपानी शुद्धिकरण, सरसफाई, मौसमी रोग आदि जस्ता कुराहरुबाट जोगिनका लागि जानकारी दिने खालका सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

महिला वालवालवालिका तथा जेष्ठ नागरिक

लैङ्गिक समानता तथा समावेशीकरण

१. सवै लक्षित वर्गको पुर्वाधार विकासका लागि विनियोजित रकमबाट छनौट गरिएको आयोजना र कार्यक्रमहरु सम्बन्धित लक्षितवर्गकै सहभागितामा सञ्चालन गरिनेछ ।

२. महिला, बालवालिका, आदिवासी जनजाती, मधेशी, मुस्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता तथा सीप विकासका लागि सीपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३. नगरपालिकालाई लैङ्गिक हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कार्य गरिनेछ ।

४. विपन्न तथा पिछडिएको वर्गका महिलाहरुलाई लक्षित गरी आय आर्जन तथा सिप विकासका साथै सशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. बैंकहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ भने ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक र पूर्ण अपांगता भएका व्यक्तिहरुलाई यथाशक्य घर घरमै बैंक मार्फत भत्ता पु¥याउने व्यवस्था मिलाउनसम्वन्धित बैंकहरुसँग समन्वय गरिनेछ ।

६. सय वर्ष नाघेका जेष्ठ नागरिकहरुलाई विशेष सम्मानको व्यवस्था गरिनेछ ।

७. दलित एवं आदिवासी जनजाति, मुस्लिम र अन्य पिछडावर्गको हक अधिकारको प्रवद्र्धनका लागिसशक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

८. जातिय छुवाछुत एवं भेदभाव बिरुद्धको कानूनलाई कडाईका साथ लागू गरिनेछ ।

९. सुरक्षित शहर (Safety City) हाम्रो प्रतिबद्धता कायम गर्दै चेलीबेटी बेचबिखन, बोक्सीको आरोप, घरेलु हिंसा, यातना, संगठित अपराध, बालविवाह, चोरी, डकैती, छुवाछुत, लैंगिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती श्रम गराउने, बिधुवा मजदुर, बालश्रम, अमानवीय दुव्र्यवहार अन्त्य गर्न नगरपालिकाले कानुनी सचेतनाको कार्यक्रम लगायत अन्य जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१०. वडा स्तरमा बाल समुह, किशोरी समुह तथा युवा समूह गठन गरि उनीहरुको मानिसक विकास, प्रतिभा प्रस्फुटन, क्षमता बिकास कार्यक्रम गरी नगर स्तरिय बाल बालिका तथा किशोर किशोरी समिति गठन गरि उनीहरुलाई सक्षम तथा सशक्त बनाई अगाडी बढाईनेछ ।

११. नगरस्तरीय एकल महिला संजाल गठन गरी आयमूलक तथा नेतृत्व विकास कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१२. नगरपालिकाको परम्परागत पहिचानका लागी नेवारी खाजाघर र तामाङ खाजाघरहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१३. सबै जातजातीका पछाडी परेका तथा पारिएका वर्गहरुलाई राज्यको मूल प्रवाहीकरणमा ल्याउन नीतिगत व्यवस्था गरिनेछ ।

१४. नगरपालिकाले लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा गर्नेछ ।

१५. यस नगरपालिका भित्र रहेका सवै महिलाहरुलाई महिला सहकारी संस्थामा आवद्ध गराइनेछ।

१६. एकल महिलाहरुलाई लक्षित गरी सुरक्षित कोषको स्थापना गर्नुका साथै आय आर्जन विविध कार्यक्रम संचालन गरिनेछ ।

१७. महिलाको क्षमता अभिवृद्धिका लागि समुह/समितिहरु गठन गरी सीपमुलक र चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

१८. महिला सहकारी संस्थाहरु बीच अन्तरकृया गरी सफल अभ्यासहरुको आदान प्रदान गरिनेछ।

१९. महिला संस्थामा आवद्ध भएका महिला सदस्यहरुको क्षमता अभिवृद्धि गराइनेछ ।

२०. महिला सम्बन्धी विभिन्न किसिमका समूहरुको प्रतिनिधित्व हुने गरी प्रत्येक वडामा वडा स्तरीय महिला समन्वय समिती गठन गरी परिचालन गरिनेछ ।

२१. महिलाहरुको इच्छा, चाहना तथा रुचिको पहिचान गरी संस्था गठन गरिनेछ ।

२२. महिलाहरुको कानुनी अधिकार सुरक्षित गर्न सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२४. महिला तथा यूवा लक्षित यूवा स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गरी निरन्तरता दिइनेछ ।

बालबालिका

१. वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिती, २०६८ अनुरुपको वालमैत्रि स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिइनेछ ।

२. नगरपालिका क्षेत्र भित्र जन्मेका बच्चाको जन्म दर्ता सुनिश्चित गर्न ३५ दिन भित्र जन्म दर्ता गर्ने आमालाई पोषणयुक्त खाना सहितको प्याकेट सम्बन्धित वडा कार्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३. यस नगरपालिकाका सवै वडामा वाल क्लव गठन गरी वालमैत्रि नगरको रुपमा आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

४. यस नगरपालिकाको सवै वडामा बालबालिकाहरुको लागि वाल उद्यान केन्द्रहरु स्थापना गरी उनीहरुको मानसिक तथा शारीरिक विकास गरिनेछ ।

जेष्ठ नागरिक

१. यस नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरुको सेवा सुविधामा अभिवृद्धि गर्न सामाजिक सुरक्षाको नीति लिइनेछ । यस नगरपालिका भित्र रहेको जेष्ठ नागरिक सेवा केन्द्रहरुलाई सुविधा सम्पन्न सेवा केन्द्रको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ र उक्त संस्थाहरुले गरेका कार्यहरुलाई नियमन गरिनेछ ।

२. यस नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरुको लागि ज्येष्ठ नागरिक सरोकार वाला विच अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।

३. जेष्ठ नागकि सम्वन्धि दिवसीय कार्यक्रम (अल्जाइमर्स ,ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार विरुद्धको दिवस अन्तर्राट्रिय ज्येष्ठ नागरिक दिवस मनाइनेछ ।

४. नगरपालिकाका सवै वडामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न वडा कार्यालयहरुलाई सक्रिय गरिनेछ ।

५. जेष्ठ नागरिकले आर्जन गरेका शिप तथा अनुभव हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

अपाङ्गताको सम्बोधन

१. अपाङ्गताको प्रकृति वर्गिकरणको अवस्थाको आधारमा परिचयपत्र वितरण गरि फरक क्षमता भएका व्यक्तिहरुलाई सेवा सुविधामा पहुँच अभिवृद्धि गर्दै सामाजिक न्यायको सुरक्षित गरिनेछ।

२. पूर्ण अपाङ्ग भएका व्यक्तिहरुलाई यथाशक्य घरघरमै वैंक मार्फत सामाजिक सुरक्षा भत्ता पुर्याउने व्यवस्था मिलाउन सम्बन्धित वैंक मार्फत समन्वय गरिनेछ ।

३. द.न.पा २ स्थित कुष्ठ प्रभावित बस्ने आरोग्य आश्रमलाई नगरपालिकाबाट दिईने सेवामा प्राथमिकता दिईंदै उक्त स्थानमा भएको तालीम केन्द्रलाई नगरपालिका स्तरीय तालिम केन्द्रको रुपमा स्थापना गरिनेछ ।

४. अपाङ्गगताको प्रकृति हेरी विभिन्न प्रकारका आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

खानेपानी तथा सरसफाई

१. "स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी" भन्ने नारालाई अवलम्बन गर्दै सबै नगरबासीहरू लाई ३ वर्ष भित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ साथै निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्न नगरस्तरीय खानेपानी समिति गठन गरि पानीका श्रोतहरु पहिचान गरी सम्बन्धित निकायमा विशेष पहल गरिनेछ र प्रत्येक घर (एक घर एक धारा) मा शुद्ध पिउने पानी वितरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

२. दक्षिणकालिका नगरपालिका पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर सरकारीसंघ संस्था तथा आम नागरिक समेतको सहयोग, समन्वय र सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागू गरिनेछ ।

३. नगर क्षेत्र भित्रका सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक निजी साझेदारीमा सार्वजनिक तथा घुम्ती शौचालयहरुको निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

४. वर्षात्को महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दैसरोकारवाला निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धिकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. दक्षिणकाली नगरपालिकामा निर्माण शुरु भएको वृहत खानेपानी योजनालाई मूर्त रुप दिन आवश्यक कदम चालिनेछ ।

६. घर, वस्ती, टोल, गाउँ र वडा सफा सुन्दर बनाई दक्षिणकाली नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउनका लागि प्रत्येक वडा कार्यालयहरुलाई फोहोर व्यवस्थापन गर्न जिम्मेवार बनाइनेछ साथै धार्मिक तथा पुरातात्विक स्थललाई सफा सुन्दर राख्न नजिकको विद्यालयलाई जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ ।

७. खुला रुपमा बगेका ढलहरुलाई व्यवस्थित गर्दै लगिनेछ । विगतमा बनेका फिल्टर प्लान्टहरुलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

८. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

युवा, खेलकुद तथा मनोरञ्जन

१. नगर स्तरीय नगर खेलकुद विकास समिति गठन गरी एकद्वार प्रणालीद्वारा खेलकूद सम्बन्धी सम्पूर्ण कार्यहरु उक्त समिति मार्फत सञ्चालन गरिनेछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाइ पुरस्कृत एवं सम्मान गरिनेछ।

३. नगरपालिकाका प्रत्येक वडामा एउटा खेलमैदानको व्यवस्था गरिनेछ । उपयुक्त स्थान छनौट गरी एक प्रदेश स्तरीय रंगशालाको विकास गरिनेछ ।

४. नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ ।

५. सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधि हस्तान्तरणकार्यक्रम अगाडि बढाइनेछ ।

६. आधुनिक कभर्ड हल तथा खेलकुद प्रदर्शनी केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

७. युवा वर्गमा लागु पदार्थ दुव्र्यसन प्रति सजगता, रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचालन गरिने छ । लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवनयापन गर्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८. युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरी युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ साथै उद्यमशिलताको प्रवद्र्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र स्थापना लगायतका कार्य गरिनेछ ।

९. युवाको बेरोजगारीको बिषयलाई मध्यनजर गरी नगरपालिका भित्र मूर्तिकला लगायत प्राविधिक तालिम लिएका व्यक्तिहरुलाई नगरपालिका भित्रै रोजगारीको व्यवस्था मिलाइनेछ ।

१०. त्रिभुवन आदर्श मा.वि. भित्र संचालन भएको महिला तथा युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. CTEVT संग समन्वय गरि युवाहरुलाई प्रबिधिक तालिमहरु उपलब्ध गराई रोजगारी सृजना गर्ने नीति लिईनेछ ।

१२. लागू औषध र दुर्व्यसनीको कुलतमा लागेका युवावर्गहरुलाई खेलकुदका माध्यमबाट विकासमा लाग्न अभिप्रेरित गरिनेछ ।

१३. नगरपालिका क्षेत्रभित्र क्रिकेट, व्याडमिन्टन, दौड लगायतका खेलकुद कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

१४. DPR तयार भएको खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१५. नगरस्तरिय व्यवसायिक सीप तालिम केन्द्र खोल्ने नीति लिइनेछ ।

ग) पूर्वाधार विकास अन्तर्गतः

सडक तथा भौतिक निर्माण

१. यस नगरपालिकाको गौरवशाली योजनाको रुपमा दक्षिणकाली चक्रपथ निर्माण गरी सबै वडालाई उक्त सडक सञ्जालमा जोड्ने कार्यका लागि DPR तयार गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

२. वडा नं. ७ को फ्याकुलडाँडामा नगरस्तरीय व्यवस्थित बसपार्क निर्माणका एकिकृत शहरी विकास आयोजनाबाट तयार भएको DPR अनुसार निर्माण कार्य अगाडी बढाइनेछ ।

३. सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

४. सेवा प्रवाह चुस्त दुरुस्त गर्न सुविधा सम्पन्न नगरपालिका भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

५. बजार क्षेत्रमा सडक बिस्तार र नगरपालिकाको कार्यक्षेत्र भित्रका सडकहरुलाई क्रमशः कालो पत्रे गर्ने नीतिलाई निरन्तरता दिइनुका साथै हरित र वातावरणमैत्री सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

६. नगरवासीहरुको सहज यातायात सुविधाको लागि यातायात व्यवस्थालाई व्यवस्थित गरिनेछ ।

७. नगरपालिकाभित्र बन्ने सरकारी भौतिक संरचनालाई अपाङ्ग मैत्री बनाइनेछ ।

८. योजनाबद्ध विकासको मार्गमा दक्षिणकालीलाई डोर्याउने क्रममा सडक गुरुयोजना तर्जुमा गरिनेछ । प्रस्तुत गुरुयोजनाले नगर भित्रका सडकहरुको वर्गिकरण, सडक अधिकार क्षेत्र निर्धारण तथा समन्वयात्मक विकासमा मद्दत गर्ने विश्वास लिइएकोछ ।

९. चाल्नाखेल देखि छैमलेसम्म स्तरोन्नती भैरहेको सडक अबिलम्ब सम्पन्न गर्न समन्वय र पहल गरिनेछ।

१०. वडा नं १ को चम्पादेवी पाउ देखी चम्पादेवी मन्दिर सम्म खुड्किला बनाई पदमार्ग विकास गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

११. वडा नं १, २, ३ र ४ को हात्ती वन क्षेत्र भित्र प्राकृतिक चिडियाघर निर्माण तथा आयमूलक बोट बिरुवा रोप्ने र Cycling route को लागि अध्ययन गराइनेछ ।

१२. हरित इश्वरी राजमार्गको अवधारणालाई कार्यान्वयनमा ल्याउन सडक किनारामा वृक्षारोपण गरिनेछ ।

१३. नगरस्तरीय गुरुयोजना तयार गरी वहुवर्षिय योजनाहरु सूचीकृत गरी क्रमागत रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

१४. चालु आ.व.मा सञ्चालित पूर्वाधार विकास तर्फ एक वडा एक नगर स्तरीय योजना अनुसार तपसिल बमोजिमको योजना समावेश तथा निरन्तरता दिन आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

तपसिल

- वडा नं १ चम्पादेवी हाईकिङग पदमार्ग प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिइने ।
- चम्पादेवी पाउदेखि चम्पादेवी मन्दिरसम्म सिँढी निर्माण गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- वडा नं.१ खहरेमा स्वागत गेट निर्माण सम्पन्न गरिने ।
- वडा नं. २ ग्वालदहमा पोखरी संरक्षण तथा बाल उद्यान निर्माणलाई निरन्तरता दिइने ।
- वडा नं. ३ मा चन्द्रज्योती पावर हाउसको विकास एवं संरक्षण संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ४ को डाँडामा (नेपाली झण्डा) दृष्यावलोकन पार्क, पिकनिक स्थलको विकास गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- वडा नं. ५ शेषनारायणको सामुदायिक वनमा प्राकृतिक चिडियाघर निर्माण तथा पार्क निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ५ शेषनारायण मुनी चिल्ड्रेन पार्क, जलाशय तथा गोरखनाथमा भ्यू टावर निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ६ पौचे डाँडामा वालउद्यान निर्माण, दक्षिणकाली मन्दिर परिसरमा आवश्यक व्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ७ को उषामैया दरवार संरक्षण तथा पर्यटन विकास तथा आयआर्जनको कार्यक्रम गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ८ छैमलेमा निर्माणाधिन सहिद पार्क संरक्षण सम्वद्र्धन तथा विकास, थसिगाउँ घैयावारी क्षेत्रलाई पर्यटकिय स्थल निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।

- वडा नं. ८ छैमले राम्चे हुँदै चौकोटदेवी-जातिपोखरी-डाँडीखेल-चम्पादेवी पर्यटन मार्ग निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।
- वडा नं. ९ मा पर्ने वाणासुर दरवार संरक्षण, वडा नं. ९, ६ र ५ मा बृहत खानेपानी संचालन गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिने ।

१५. नगरपालिका भित्रका योजना संचालन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समितिलाई जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । राम्रो काम गर्ने उपभोक्ता समितिलाई सम्मान र नराम्रो काम गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने नीति लिइने छ ।

१६. यस आर्थिक वर्षलाई निर्माण वर्षको रुपमा लैजाने नीति लिइनेछ ।

१७. नगरपालिका भित्रका ऐतिहासिक बाटोघाटोको संरक्षण तथा सम्वद्र्धन गरिनेछ ।

१८. दक्षिणकाली नगरपालिका भित्रका पुल पुलेसाहरुको संरक्षण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

सिँचाई

१. विद्यमान सिँचाईका पूर्वाधारहरुको मर्मत सम्भारको साथै नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न थप आयोजनाहरु कार्यान्वयनमा जोड दिईनेछ ।

२. बगिरहेको बाग्मती तथा खोलाखोल्चाहरुबाट पानी तानेर सिँचाईको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ साथै सो कार्यको लागी प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिनेछ ।

३. नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण गर्न तथा वर्षे पानी संकलन गरी कृत्रिम ताल पोखरी निर्माण गरी सिंचाई कार्यमा प्रयोग गर्न अध्ययन अनुसन्धान गर्न प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

४. नगरक्षेत्र भित्र रहेका राजकुलोको बर्गीकरण, रेखाङ्कन र संरक्षण गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

५. खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलन गरी भण्डारण, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार गरिनेछ ।

६. ऐतिहासिक पानी घट्ट तथा राजकूलोहरु संरक्षण र संवद्र्धन गरी विद्यार्थीहरुको अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ।

७. उपयुक्त स्थानमा सिचाईको लागि आकाशे पानी संकलन गर्न प्रदेश सरकारसँग सहकार्य गरि पोखरीहरुको निर्माण गरिनेछ ।

भवन तथा सहरी विकास

१. भूउपयोग नीति तयार गरी कार्यान्वयन गर्ने प्रकृया अगाडी बढाइनेछ ।

२. नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाबाट उपलव्ध गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानूनबमोजिम दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।

३. घर निर्माण सम्पन्न प्रमाण पत्र उपलव्ध गराउँदा घरधनीले दुईवटा विरुवा अनिवार्य रुपमा रोपेको हुनुपर्ने व्यवस्था लागू गरिनेछ ।

४. बढ्दो जनसंख्या र नागरिकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका संघीय सरकार मातहतका मन्त्रालयसँग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गरिनेछ ।

५. खहरे-फर्पिङ्ग-हुमाने तथा फर्पिङ्ग-भङ्याङ्गसम्म सडक दायाँवायाँका घरहरुको रंगरोगनमा एकरुपता ल्याउने नीति अगाडी बढाइनेछ । सो कार्यको लागि रंग कम्पनीहरुसँग सहकार्य गरिनेछ ।

६. "धुलो रहित शहर, दक्षिणकाली नगरवासीको रहर" भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई क्रमशः धुलो रहित बनाउन सडकको स्तर उन्नती गरी कालोपत्रे गर्दै जाने नीति अबलम्बन गरिनेछ र यसका लागी प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ । दक्षिणकाली नगर क्षेत्रलाई सुरक्षित, व्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिनेछ ।टाउन प्लान बिस्तारका लागि आवश्यक कार्यविधि र मापदण्ड बनाई नियमानुसार व्यवस्थापन गरिनेछ ।

८. बजार व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनका लागि नगर विकास कोषको ऋण सहयोगमा नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न व्यवसायिक भवन बनाउने कार्यको लागि अध्ययन र समन्वय गरिनेछ ।

९. प्रत्येक घर निर्माण गर्दा अनिवार्य रुपमा सेफ्टी ट्याङकी निर्माण गरिनुपर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

१०. सांस्कृतिक फर्पिङ्ग शहरमा रहेको नीजि घरको बाटोपट्टीको मोहडामा परम्परा झल्कने वस्तुहरुको प्रयोग गर्न उत्साहित गर्न कूल लागतको ४० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी ६०/४० को अवधारणा अघि बढाइनेछ ।

उर्जा तथा विद्युतीकरण

१. विद्युतीकरण हुन बाँकी रहेका वस्तीहरुमा विद्युतीकरण गर्दै काठका पोललाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ ।

२. वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गर्न वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र सँग समन्वय र सहकार्य गरिनेछ ।

३. नगरपालिकाका मूल सडकहरुमा सडक बत्ती विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. २ वर्ष भित्र जथाभावी अव्यवस्थित रुपमा रहेको विद्युतीय नाङ्गो तारलाई व्यवस्थित गरिनेछ । High extension line मा नाङ्गो तारलाई हटाई कालो तार राख्न संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ । तारको व्यवस्थापन गर्दा बस्तीबाट नभई सडक क्षेत्रबाट लैजाने नीति लिइनेछ ।

५. नगरपालिका क्षेत्रभित्रको बजार तथा मन्दिरहरुमा सोलार बत्ती जडान गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरिनेछ ।

सूचना तथा सञ्चार

१. सबै बस्तीहरुमा सूचना प्रविधि सेवालाई बिस्तार गरिने छ ।

२. नगरपालिका क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ ।

३. नगरपालिकाको विकास निर्माण एवं पर्यटकीय क्षेत्रलाई सूचना तथा संचारका माध्यमबाट राष्ट्रिय अन्तरराष्ट्रिय रुपमा प्रचार प्रसार गर्नका लागि स्थानीय पत्रकार तथा सञ्चारकर्मीहरुको क्षमता विकास गरिनेछ ।

४. आम नागरिकहरुको जानकारीका लागि नगरपालिकाबाट प्रदान हुने सेवा, सुविधा, सूचनाको सम्बन्धमा वेवसाइट, सामाजिक सञ्जाल तथा सूचना प्रविधिका माध्यमबाट जानकारी गराइनेछ ।

५. विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबद्र्धन गरिनेछ । सार्वजनिक स्थलहरुमा फ्रि वाइफाई, इन्टरनेट सुविधाको व्यवस्था गरिनेछ ।

६. विभिन्न सफ्टवेयर तथा आधुनिक प्रविधिको प्रयोग गरी कार्य सहजतामा जोड गरिनेछ ।

७. आधुनिक सूचना प्रविधिको प्रयोग गरी सूचना प्रवाह गर्ने माध्यमको विकास गरिनेछ । जसमा सामाजिक सञ्जालको उचित प्रयोग अनिवार्य गरी व्यवस्थित गरिनेछ ।

८. नगरपालिकासँग सम्बन्धित तथ्याङ्कहरु विद्युतीय प्रणालीमा प्रविष्टी र सुरक्षित गरिनेछ ।

९. सबै वडाहरुमा सुझाव पेटिका राखेर आम नागरिकको गुनासो तथा सुझाव संकलन गरिनेछ ।

भूमि व्यवस्थापन तथा वस्ती विकास

१. वैज्ञानिक भू-उपयोग नीति तय गरी कार्यान्वयनमा लगिनेछ । नगरपालिका क्षेत्रको दीगो विकासका लागि उक्त नीति अनुसार वस्ती विकास गरिनेछ ।

२. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी एकीकृत वस्तीहरुमा विकासका पूर्वाधारहरु सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुबिधा बिस्तार गरिनेछ ।

३. जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई कानून बनाई व्यवस्थित गरिनेछ ।

४. नगरभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्त्ती जग्गाको एकीकृत लगत तयार गरी संरक्षण गर्न आवश्यक कानून तयार गरिनेछ ।

५. वास्तविक भूमिहीनहरुको लगत संकलन गरिनेछ । यस दक्षिणकाली नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट ब्याक पूरा भएको तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा 'राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting) सहित तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ । नक्सा स्वीकृत गर्ने कार्य कम्प्युटर प्रणालीबाट थालनी गरिने छ ।

६. नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ । यसलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुको नक्सा अभिलेखीकरणको निति लिईएको छ ।

७. नगरभित्र रहेको सार्वजनिक जग्गाहरुमा नेपाल सरकारको नीति अनुरुप समृद्ध नेपाल सुखी नेपाली बनाउनको लागि कानून अनुसार आम्दानी बढाउने नीति लिइनेछ ।

८. यस नगरपालिका क्षेत्रभित्रका बेनिस्सा, गुठीको जग्गाहरुमा परेका समस्याहरुको समाधान गर्न आवश्यक पहल गरिनेछ ।

९. नगरपालिका क्षेत्रको स्पष्ट नापी नक्सा, हालसाविक तथा सार्वजनिक सडकहरुको कित्ताकाटको लागीसम्बन्धित निकायमा पहल गरिने तथा यसको लागी प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

घ) वन, वातावरण तथा विपद व्यवस्थापन

१. "'स्वच्छ, सुन्दर र सफा दक्षिणकाली नगर,फोहोरको व्यवस्थापन हाम्रो अभियान" भन्ने नारा सहित फोहर मैलालाई व्यवस्थापनका लागि नगर स्तरिय प्रशोधन केन्द्र (सरसफाई केन्द्र) को व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइनेछ।

२. स्वच्छ वातावरण र पानीको मुहान संरक्षण गर्न मुहानको वरीपरी गोगन विरुवा लगाउने र विरुवा संरक्षण गर्न तारजाली लगाउने नीति लिइनेछ ।

३. नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिनेछ नगरलाई सफा स्वच्छ र सुन्दर बनाउन आम नगरबासीहरुको सहयोग लिने वातावरण सिर्जना गरिनेछ ।

४. बजार क्षेत्रभित्र रहेको सडकको सार्बजनिक अतिक्रमणलाई ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road and Clean Market) को अबधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

५. बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु छाडेने कार्यलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ र विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ ।

६. नगर क्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् निजी संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।

७. नगर सफा राख्न नगरपालिकाका महत्वपूर्ण चोकहरुमा विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा 'फोहोर मलाई" लेखिएका डिब्बाहरु राखिनेछ ।

८. फोहोर मैला व्यवस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

९. घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुट्याई सोको उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ ।

१०. सार्वजनिक स्थलहरूमा फोहोरमैला फाल्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई निषेध गर्न कानून बनाई कार्यान्वयन गरिनेछ ।

११. बजार, पसल, रेष्टुरा, कार्यालयमा राखिएका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

१२. नगरपालिका भित्र रहेका निजी, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ तथा वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिको कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

१३. बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यबस्थापन र बृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ।

१४. सामुदायिक वन उपभोक्ता समुहहरुसँग समन्वय नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गर्नेनीति अवलम्बन गरिने छ ।

१५. वातावरण संरक्षण सम्वन्धमा विद्यालयस्तर सम्म सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

१६. नगर क्षेत्र भित्र एक वडा एक उद्यान कार्यक्रमलाई क्रमशः लागु गर्दै लगिनेछ ।

१७. सडक किनारका खालि जमिनमा वडा तथा टोल, वस्तिको सहभागितामा वृक्षारोपण गर्दै लगिनेछ ।

१८. वन पैदावार, वनजंगल र बृक्षारोपण सम्बन्धी बिशेष कार्ययोजना निर्माण गरी लागू गरिने छ ।

१९. नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२०. दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका सबै नदी तथा खोलाको किनारमा बाँस लगायतका रुखविरुवा रोप्ने कार्यलाइ अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

२१. नगरस्तरीय नर्सरी स्थापनाको जिम्मा अनुमति प्राप्त स्थानीय समुदायलाई दिईनेछ र सो समुदायले उत्पादित विरुवाहरु नगरपालिकालाई प्राथमिकतामा राखी सहुलियत दरमा उपलब्ध गराउनुपर्ने व्यवस्था लागू गरिनेछ।

२२. सामुदायिक वन भित्र रहेका रुखो जातका बोट बिरुवा सल्ला जस्ता रुख हटाई अन्य आम्दानी हुने क्षेत्रको विस्तर गरिनेछ ।

२३. सामुदायिक वनहरुले वार्षिक कार्यक्रम स्वीकृत गरि कार्यक्रम सञ्चालन गर्नुपर्ने कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने छ ।

२४. सामुदायिक वनमा एक सामुदायिम वन एक आयमूलक कार्यक्रम स्वरुप पार्क निर्माण गर्दै लैजाने नीति लिइनेछ ।

२५. वडा नं. १ को प्राथमिक स्वास्थ्य केन्द्र देखि वडा नं. २ को वडा कार्यालयसम्मको सामुदायिक वनभित्र चिया वगान, सुन्तला खेती जस्ता आम्दानी हुने विरुवाहरु लगाउने कार्यमा निरन्तरता दिइनेछ ।

२६. प्रत्येक बर्षमा नगरपालिका क्षेत्रभित्र एकदिन वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

२७. एक घर दुई विरुवा र एक वडा एक नर्सरीको अवधारणालाई कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२८. वनको वर्गीकरण गरी वनस्पतिको पहिचान तथा संरक्षण गरिनेछ ।

२९. वडा नं. १ देखि ९ सम्म अभियानको रुपमा वृक्षारोपण कार्यक्रम गरिनेछ ।

३०. खहरे देखि हुमाने तथा छैमले सम्मको मूल सडकको दायाँ बायाँमा अशोका तथा फलफूलको विरुवा वृक्षारोपण गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्यका लागि छलफल गरी कार्यान्वयन गरिनेछ ।

३१. नगरपालिकाको विभिन्न स्थानमा खुल्ला छाडिएका दोपाया, चौपायालाई नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।

विपद व्यवस्थापन

१. नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल गराइनेछ/वडा स्तरीय विपद् व्यवस्थापन समिति तत्काल गठन गरिनेछ । स्थानीय आपतकालीन केन्द्र सञ्चालन गर्न आवश्यक पूर्वाधारको तयारी गरिने छ ।

२. प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।

३. प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षणगरिनेछ ।

४. विकासका योजना तयार गर्दा बिपद् न्यूनीकरणका पक्षमा विशेष ध्यान दिईने छ ।

५. नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद् पिडीतलाई तत्काल राहत तथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनशक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।

६. भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।

७. आगलागीजन्य क्रियाकलापहरुलाई नियन्त्रणका लागि नगरपालिकाको दमकल सञ्चालनको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. विपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी,गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिनेछ ।

९. बिपद् जोखिम न्युनीकरण सम्बन्धी कार्य योजना बनाई लागू गरिनेछ ।

१०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । विपद् प्रतिकार्य योजनाका लागि नेपाल रेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरिनेछ ।

११. विपद व्यवस्थापन सम्बन्धी कार्य योजना तयार गरि दमकल, एम्बुलेन्स, डोजर, ट्रिपर एवं सम्बन्धित श्रोत साधन सञ्चालनकर्ताहरुको सम्पर्क नम्बरहरु अद्यावधिक गरिनेछ ।

ङ) संस्थागत विकास र सार्वजनिक सेवा प्रवाह

१. "मुस्कान सहितको सेवा" को नारालाई व्यवहारमा लागू गर्न नगर कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुको कार्य विवरण तथा आचार संहिता तयार गरी गुणस्तरीय सेवा प्रवाहका लागि सोही आधारमा सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

२. नगरपालिकामा आवश्यक पर्ने ऐन, कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वडामा CCTV तथा गुनासो पेटिका राख्ने नीति लिइनेछ ।

३. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ । वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

४. प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखी सकिएको छ ।यो वर्ष पनि प्रत्येक वडाले संकलन गरेको राजस्व रकमको २० प्रतिशत रकमबाट वडाको विकास निर्माण तथा मापदण्ड बनाई खर्च गर्न सकिने नीति लिईएकोछ ।

५. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं स्थानीय सुशासन कायम गरिनेछ । वडा तथा नगरमा गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ ।

६. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाइनेछ । ई -बिडिङ प्रणालीलाई लागू गरिनेछ ।

७. नगरक्षेत्रको योजनाबद्ध विकासमा सहयोग पुर्याउन राजनितिक दल, कर्मचारी, जनप्रतिनिधीहरु, योजनाविद् र बुद्धिजीवीहरुको राय, सल्लाह र परामर्श लिईनेछ ।

८. नागरिकहरुको सूचनामा सहज पहुँच सुनिश्चितताको लागि आवश्यक व्यवस्था गरिनेछ । क्रमशः खुला सरकारको अवधारणा अवलम्बन गरिनेछ । सामाजिक संजाल तथा विद्युतीय प्रविधिहरुको स्थापना, उचित प्रयोग र विस्तार गरिनेछ ।

९. उपभोक्ता हित संरक्षण सम्बन्धी नागरिक बिज्ञहरु समेतको सहभागितामा एउटा निकाय स्थापना गरेर उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमनको व्यवस्था प्रभावकारी ढङ्गले लागू गरिनेछ । सबै पसलहरूमा मूल्यसूची राख्न अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

१०. नगरपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुऱ्याइनेछ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ । नगर उपप्रमुखको संयोजकत्वमा गठन भएको न्यायिक समितिलाई श्रोत साधनयुक्त बनाईनेछ ।

११. सदस्यहरुको संयोजकत्वमा न्यायिक उपसमिति गठन गर्नुका साथै न्यायिक समितिको संयोजकबाट निश्चित अधिकार प्रत्यायोजन गरिने नीति लिईएको छ ।

१२. नगरपालिकामा गठन भएका विषयगत समितिहरुको प्रभावकारीताका लागी कानुन बमोजिम प्राप्त कार्य क्षेत्रमा पर्ने जिम्मेवारीमा आवश्यकता अनुसार विज्ञ सहितको विभिन्न उपसमितिहरु गठन गरीनेछ ।

१३. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा बिस्तार गरी E-Governance लाई तिव्रता दिईने छ । सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा (Online Service) बनाई प्रवाह गर्ने नीति रहेको छ ।

१४. नगरपालिकामा उत्कृष्ट काम गर्ने राष्ट्रसेवक कर्मचारीहरु, महिला समुह, बन समुह, महिला स्वास्थ्य स्वयं सेवकहरु तथा टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, कृषक समूह, उपभोक्ता समिति र सहकारी संस्था आदिलाई पुरस्कृत गरिने नीति लिईनेछ ।

१५. नगरमा बस्ने परिवारहरुको वेवमा आधारित पारिवारिक विवरण अभिलेख राख्ने प्रणाली स्थापना गर्न साझेदारहरुको खोजी गरिनेछ ।

१६. नगरपालिकमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि विभिन्न सेवाकालिन तालिमहरु संचालन गरिनेछ । राम्रो कार्य सम्पादन भएका स्वदेशकै अन्य नगरपालिकाहरुसँग अन्तरक्रिया र अवलोकन भ्रमण गराई थप क्षमता विकासको लागि प्रयास गरिनेछ । कर्मचारी कल्याण कोषलाई व्यवस्थित गराउन यसमा जम्मा गर्नुपर्ने रकम जम्मा गरिनेछ ।

१७. नगरपालिकाको आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र नगर बासीलाई छिटो छरिटो, सरल र प्रभावकारी ढंगले सेवा सुबिधा उपलव्ध गराउन जनताको अपेक्षा सुशासन न्याय र मानव अधिकारको रक्षा भन्ने मूल नारालाई लिई मुस्कान सहितको सेवा प्रदान गरिने नीति लिईएको छ ।

१८. प्रत्येक वडा कार्यालयलाई आफ्नो वडाको प्रोफाइल बनाउनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै विद्युतिय सुचना पाटीको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१९. नगरपालिकाबाट हुने आर्थिक कारोवारलाई पारदर्शी गर्दै लैजाने र उपभोक्ताहरुद्वारा गरिने निर्माण सम्बन्धी विकास निर्माण कार्यलाई प्राविधिक मूल्यांकन (विल) लाई नै आधार मानी भुक्तानी दिने कार्यका लागि स्थानीय सार्वजनिक खरिद नियमावली स्वीकृत गरी लागू गरिनेछ ।

२०. स्थानीय सरकारमा लामो समयदेखि कार्यरत अस्थायी/करारमा सेवा गर्दै आएका राष्ट्र सेवक कर्मचारीहरुको खाइपाई आएको पारिश्रमिकबाट १०□ कट्टा गरी नगरपालिकाद्वारा १०□ थप गरी नागरिक लगानी कोषमा जम्मा गरी अवकाश प्राप्त भएपछि उक्त रकम भुक्तानी पाउने व्यवस्था गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

२१. यस नगरपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुलाई प्रोत्साहन गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

२२. यस नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको वृत्ति विकास तथा पदोन्नतीका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२३. संघीय सरकारले आर्थिक वर्ष २०७५/७६ को जेष्ठ १५ गते गरेको वजेट प्रस्तुतीकरणमा उल्लेख गरेको राजपत्रांकित कर्मचारीहरुको हकमा १८ प्रतिशत र राजपत्र अनंकित कर्मचारीको २० प्रतिशत तलब वृद्धि गर्ने निर्णय अनुशरण गर्दै स्थानीय सरकार अन्तर्गत यस नगरपालिकाले पनि आफ्नो मातहतका कर्मचारीहरुको अधिकृत स्तर छैटौ सम्मलाई राजपत्रांकित र सो भन्दा तल्लो तहका कर्मचारीहरुलाई राजपत्रअनंकित मानेर १८ प्रतिशत देखि २० प्रतिशत खाईपाई आएको आधारभुत तलव मानमा थप हुने गरि आगामी आ.व. २०७६/७७ को श्रावण महिनाबाट भुक्तानी गरिने नीति लिएको छ ।

२४. आर्थिक वर्ष २०७६/७७ को लागि यस नगरपालिकाले प्रयोग गर्ने इन्धनमा मितव्ययिता होस भनेर इन्धनको कुपन पद्दतीलाइ परिवर्तन गरी कार्यविधि बनाई इन्धनलाई व्यवस्थित गरिनेछ ।

२५. यस दक्षिणकाली नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुको क्षमता विकास, उत्प्रेरणा, मनोवल वृद्धि र उच्च नैतिक आचरणका साथ कार्य गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । प्रोत्साहन भत्ताको लागि कार्यविधि बनाई व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२६. संघीय कानून तथा अन्य कानून बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको कानून बमोजिम पद मिलान तथा स्तरोन्नती गरिनेछ ।

२७. यस कार्यालयमा कार्यरत अस्थायी करार तथा अन्य कर्मचारीहरुलाई आवश्यकताको आधारमा निरन्तरता दिइनेछ ।

२८. सेवा प्रवाह तथा विकास निर्माणलाई प्रभावकारी बनाउउन वडा स्तरमानै योजना सम्झौता गरी कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम वडा स्तरमा क्रमशः प्रशासनीक सक्षमता अभिवृद्धि गर्ने नीति अबलम्बन गरिनेछ ।

बिदा, उत्सव, उर्दी, जात्रा, पर्व

१. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ ।

न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. संविधानमा उल्लेखित सबै संवैधानिक व्यबस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानून तथा कार्यबिधि मातहत रही कार्यान्वयन गरिनेछ ।
२. असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
३. कानूनको दायरामा नआएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानूनको दायरामा ल्याइनेछ ।
४. केन्द्र र सबै वडाहरुमा विवाद समाधानका लागि मेलमिलापको केन्द्रको व्यवस्था मिलाईनेछ ।
५. शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पूर्वाधार निर्माणमा आवश्यक सहयोग गरिनेछ ।
६. न्यायिक समितिको सचिवालय व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवद्र्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
७. न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन गरी व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयनको शुरुवात गरिनेछ।
८. न्यायिक निर्णय तथा फैसला कार्यान्वयनको लागि भौतिक संरचना निर्माण संस्थागत क्षमता विकास र सांगठनिक संरचना निर्माण कार्यको थालनी गरिनेछ ।

सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन

१. नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादन संघीय, प्रदेश र नगरपालिकाको मौजुदा कानूनको परिधी भित्र रहेर सम्पादन गरिनेछ । नगरमा दर्ता गरि प्रकृया पुगेका स्थानिय व्यापारीसँग समान लिईनेछ ।
२. नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल,व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनिज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिनुका साथै सार्वजनिक जग्गा भवन सामुदायिक वन भित्र वातावरणीय हिसावले खलल नहुने गरी आय आर्जन गर्ने निति लिईनेछ ।
३. नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।
४. नगरपालिकास्थित सरकारी सम्पत्तिको संरक्षण, सम्बद्र्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ।

योजना छनौट तथा कार्यान्वयन

१. तलदेखि माथि जाने (Buttom Up Approach) नीति अनुसार वस्ती वस्ती तहबाट योजना छनौट गरिनेछ ।
२. योजना छनौट तथा प्राथमिकिकरण गर्दा राष्ट्रिय विकास नीति र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२) मा उल्लेख भएबमोजिमका कार्यहरुमा, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईनेछ ।
३. योजना चक्रको प्रत्येक चरणमा हितग्राही समूहलाई सहभागी गराईने छ । बढीभन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईनेछ ।
४. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ ।

५. योजना तथा कार्यक्रमलाई कार्तिक मसान्तसम्म इष्टिमेट गरिसक्नु पर्नेछ । चैत्र मसान्तपछि योजना तथा कार्यक्रमको सम्झौता नगर्ने नीति लिइनेछ । योजना तथा कार्यक्रमलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । इष्टिमेट तथा सम्झौता गरिएका योजना तथा कार्यक्रमहरुको भुक्तानी जेष्ठ १५ पछि नदिइने नीति अवलम्वन गरिनेछ ।

६. रु. ५ लाख भन्दा बढीको योजना तथा कार्यक्रमको अनिवार्य रुपमा नगरस्तरीय अनुगमन गरिनेछ ।

७. वडा स्तरीय तथा नगर स्तरीय योजनाहरुको वर्गीकरण देहाय अनुसार गरिनेछः

- उपभोक्ता समितिबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम
- टेण्डर प्रक्रियाद्वारा सम्पन्न गरिने योजना तथा कार्यक्रम

गैर सरकारी संघ संस्था

१. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती पश्चात आफ्नो कार्य क्षेत्र तय गरी वडाको सिफारिसमा सामुदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ।

२. संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो सँग सम्बन्धित कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. विदेशी दातृनिकायहरू मार्फत् अनुदान NGO/INGO, एवं निजी तथा व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

४. नगर क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात सम्बन्धित वडाको सिफारिसमा मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । उल्लिखित संस्थाहरुले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा संचालन गराउने नीति अबलम्बन गरिनेछ ।

५. नगरको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी, सहकार्य गरिनेछ । साथै उत्कृष्ट संस्थाहरुलाई यस नगरपालिकाद्वारा गौरवका साथ प्रोत्साहन गर्दै लगिनेछ ।

स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

१. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।

२. जिल्ला समन्वय समिति, वडा तहसँगको सम्पर्क, समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायतका विषयहरुलाई व्यवस्थित बनाईनेछ ।

३. अनुदानमा बजेट कार्यान्वयन गर्नका लागि संघ तथा प्रदेशसँग सहकार्य गरिनेछ ।

सभाध्यक्ष्यज्यू,

आगामी आ.ब.०७६/०७७ को लागि कुल आय निर्धारण गर्दा तपसिल बमोजिमको सीमा तयार गरिएको छ -

तपसिल

१. संघीय सरकार, वित्तीय समानीकरणबाट प्राप्त हुने रकम - रु.१०,४६,००,०००।— (दश करोड छयालीस लाख रूपैयाँ)

२. संघीय सरकार, राजश्व बाँडफाँडबाट प्राप्त रकम- रु.२,००,००,०००।- (दुई करोड रूपैयाँ)

३. संघीय सरकार, सशर्त अनुदान - रु.१४,३५,००,०००।- (चौध करोड पैंतीस लाख रूपैयाँ)

४. सामाजिक सुरक्षा अन्तर्गतको अनुमानित रकम - रु.४,००,००,०००।- (चार करोड रुपैयाँ मात्र)

५. प्रदेश सरकार, वित्तीय समानीकरण बापत प्राप्त हुने रकम - रु.१,०१,५१,०००।- (एक करोड एक लाख एकाउन्न हजार रुपैयाँ मात्र)

६. प्रदेश सरकार, सशर्त अनुदान बापत प्राप्त हुने रकम - रु.२१,४७,०००।- (एक्काइस लाख सडचालिस हजार रुपैयाँ मात्र)

७. प्रदेश सवारी, साधन कर बाँडफाँडको वापत प्राप्त रकम - रु.१,४८,९१,०००।- (एक करोड अडचालिस लाख एकानब्बे हजार रुपैयाँ मात्र)

८. प्रदेश सरकार, राजश्व बाँडफाँड (मालपोत) वापत प्राप्त हुने रकम - रु.६,००,००,०००।- (छ करोड रुपैयाँ मात्र)

९. नगरपालिकाको आन्तरिक श्रोत अन्तर्गत प्राप्त रकम - रु.७,००,००,०००।- (सात करोड रुपैयाँ मात्र)

१०. अन्य विविध शीर्षक अन्तरगत प्राप्त भएको रकम - रु.१०,१६,६३,०००।- (दश करोड सोह्र लाख त्रिसठ्ठी हजार रुपैयाँ मात्र)

जम्मा – रु. ५२,६९,५२,०००। – (बाउन्न करोड उनान्सत्तरी लाख बाउन्न हजार रुपैयाँ मात्र)

आय व्ययको विस्तृत विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं	आय तर्फ	आम्दानी रकम	क्र.सं.	व्यय तर्फ	खर्च रकम
१	**संघीय सरकार**	**२६,८१,००,०००।-**	१	सशर्त अनुदान फिर्ता	**१४,५६,४७,०००।-**
क	समानिकरण	१०,४६,००,०००।-	२	वडा कार्यालय राजश्व फिर्ता	**५५,००,०००।-**
ख	राजश्व बाँडफाँड	२,००,००,०००।-	३	अन्य विविध प्राप्तीको भुक्तानी	**१०,१६,६३,०००।-**
ग	सशर्त अनुदान	१४,३५,००,०००।-	४	वडा कार्यालयलाई सिलिङ	**६,७५,००,०००।-**
२	**प्रदेश सरकार**	**८,७१,८९,०००।-**	५	प्रशासनीक खर्च	**८,६१,००,०००।-**

क	समानिकरण	१,०१,५१,०००।-	६	नगरपालिकाको भवन निर्माण	३,००,००,०००।-
ख	सवारी साधन	१,४८,९१,०००।-	७	चक्रपथ निर्माण	१,००,००,०००।-
ग	राजश्व वाडफाड मालपोत	६,००,००,०००।-	८	६०/४० कोष स्थापना	१,००,००,०००।-
घ	सशर्त अनुदान	२१,४७,०००।-	९	बृहत खानेपानी योजना	१,००,००,०००।-
३	**आन्तरिक श्रोत**	७,००,००,०००।-	१०	समपुरक कोष	१,००,००,०००।-
क	आन्तरिक आम्दानी	५,००,००,०००।-	११	मर्मत सम्भार कोष	५०,००,०००।-
ख	अ.ल्या मौज्दात	२,००,००,०००।-	१२	विपद् व्यवस्थापन कोष	४०,००,०००।-
४	**अन्य विविध**	१०,१६,६३,०००।-	१३	सञ्चार क्षेत्र विकास परिचालन	१५,००,०००।-
क	फुटवेयर जोन निर्माण	३,००,००,०००।-	१४	आयोजनाहरुको डि.पि.आर. निर्माण	१,००,००,०००।-
ख	सामाजिक सुरक्षा भत्ता	४,००,००,०००।-	१५	न्यायपालिकाको इजलास व्यवस्थापन	१५,००,०००।-
ग	सडक बोर्ड कार्यक्रम	४५,००,०००।-	१६	नगर स्तरीय योजना र विकास समितिहरुलाई बजेट विनियोजन	३,५५,४२,०००।-
घ	गरिबसंग विषेश्वर कार्यक्रम	५,६८,०००।-			
ङ	LGCDP कार्यक्रम	५,९५,०००।-			
च	स्थानीय पूर्वाधार विकास कार्यक्रम	१,३०,००,०००।-			
छ	काठमाडौं महानगरपालिका	१,००,००,०००।-			
ज	लघु उर्जा कार्यक्रम	३०,००,०००।-			
जम्मा आय रकम		५२,६९,५२,०००।-	**जम्मा व्यय**		५२,६९,५२,०००।-

आर्थिक वर्ष समाप्त नभैसकेको कारण अ.ल्या. रकमको वास्तविक विवरण तयारीको क्रममा रहेको छ ।

आन्तरीक आयको अनुमानको हकमा यस नगरपालिका क्षेत्रभित्रका प्राकृतिक श्रोत साधन निकासी कर, गिटी ढुंगा, बालुवा उत्खनन् टेण्डर वापत, सार्वजनिक भवन, पिकनिक स्पट, गोरखनाथ सरस्वती बज्रयोगिनी, वडा नं. ३

अन्तरगत निर्माण भएको नानीबाबु स्मृती भवनको भाडाको लागि टेण्डर र शेषनारायण मन्दिर लगायतका क्षेत्रको टेण्डर (सिलबन्दी दरभाउपत्र) र राजश्व दररेट मार्फत राजश्व संकलन गर्ने गरी आन्तरिक आयको लक्ष्य निर्धारण गरिएको छ ।

सभाध्यक्ष्यज्यू

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा दक्षिणकाली नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई सम्मानित सभाबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत बजेट नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस दक्षिणकाली नगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तिका यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वयन हुन सकेन भने अपेक्षित प्रभाव छाड्न सकिदैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तप्काको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, आजको यस सम्मानित सभामा उपस्थित हुनु भएका अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु तथा सञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्‍याउनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, नगर सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा/उपशाखा प्रमुख र यस नगरपालिकाको उन्नति प्रगतिमा अहोरात्र खटिई यस सभालाई भव्य र सभ्य रुपमा सफल गराउन खटिनु भएका नगरपालिकाका कर्मचारी साथीहरु र सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

श्री बसन्ती तामाङ (डंगोल)

नगर उप-प्रमुख

दक्षिणकाली नगरपालिका, फर्पिङ, काठमाडौं